गाउँसभाका सदस्यज्यूहरू,

यस आठराई त्रिवेणी गाउँपालिकाको वर्खे अधिवेशन बैठकमा गाउँपालिकाको गाउँसभाको सदस्यको हैसियतले विद्यमान विषम परिस्थितिमा आगामी वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उभिएको छु । यस घडीमा देशलाई यो अवस्थामा ल्याई पुऱ्याउन शाहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहितप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते भएपश्चात् नवनिर्वाचित जनप्रतिनिधिको हातमा यस आठराई त्रिवेणी गाउँपालिकाको समग्र विकास र समृद्धि आइ पर्ने चुनौतिलाई सामना गर्दै प्राप्त अवसरलाई उपयोग गर्नेतर्फ केन्द्रित रहनुपर्छ ।

धेरै क्षेत्रमा बजेट छरिएर जाँदा उपलब्धि पनि त्यति नदेखिने, यसबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने विषयमा जानकार रहँदा रहँदै पनि गाउँबासीको माग तथा आवश्यकताहरु पहिचान गरी पूरा गर्न सकिने खालका योजनाहरूलाई प्राथमिकता दिइएको छ । यस आठराई त्रिवेणी गाउँपालिकाको समुन्नत विकासका लागि गाउँपालिकाको आन्तरिक स्रोत, स्रोत बाँडफाँडबाट प्राप्त हुने रकम, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम गत आ.व.बाट प्राप्त मौजुदा रकम, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदान समेतका आधारमा आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने कार्यक्रमहरू तयार गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अधिनमा रही संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त अनुदान, गाउँपालिकाले प्राप्त गर्ने स्रोत बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम, आन्तरिक स्रोतको रकम समेतलाई आधार बनाई बजेट तयार पारिएको छ ।

अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र बजेटको अधिनमा रहेर यो वर्खे अधिवेशन मार्फत् रु. ५०,२२,९०,२००.०० (अक्षरेपी रु. पचास करोड बाइस लाख नब्बे जहार दुई सय मात्र) बजेटको संक्षेपीकरण प्रस्तुत गर्दछु ।

क) वित्तीय समानीकरण अनुदानः

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सम्पूर्ण अनुदानलाई भौतिक पूर्वाधार तथा अन्य कार्यक्रम खर्च तर्फका कार्यहरुका लागि तथा वडाका योजनाहरु कार्यान्वयन गर्न विनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत संघीय सरकारबाट रु. १०२७००००० (दश करोड सत्ताइस लाख मात्र) तथा प्रदेश सरकारबाट रु. ६४३३०००(चौसठ्ठी लाख तेतिस हजार मात्र) गरी कुल रु. 109133000 (दश करोड एकानब्बे लाख तेतिस हजार मात्र) को बजेट विनियोजन गरिएको छ ।

ख) राजश्व बाँडफाँडबाट प्राप्त अनुदान

यस शीर्षक अन्तर्गत संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु. ६६८२४200(छ करोड अडसठ्ठी लाख चौविस हजार दुई सय मात्र) कार्यालयको चालु खर्छ र कार्यक्रम खर्च तर्फ विनियोजन गर्ने गरी बजेट विनियोजन गरिएको छ साथै प्रदेश सरकारले सवारी कर बाँडफाँडबाट प्राप्त अनुदान रु.

२२०४००० (बाइस लाख चार हजार मात्र) लाई कार्यक्रम खर्चमा खर्च गर्ने गरी बजेट विनियोजन गरिएको छ ।

ग) समपूरक अनुदान

यस शीर्षक अन्तर्गत प्राप्त संघीय सरकारबाट प्राप्त समपूरक अनुदान रु. १६००००००(एक करोड साठ्ठी लाख मात्र) र प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान रु. १०००००००(एक करोड मात्र) लाई भौतिक पूर्वाधार निर्माण गर्नका लागि बजेट खर्च गर्ने गरी प्रस्ताव गरिएको छ ।

घ) आन्तरिक आय (अनुमानित)

यस शीर्षक अन्तर्गत अनुमानित गरिएको रु. ३००१००० (तिस लाख एक हजार मात्र) लाई निःशुल्क विद्युत् कार्यक्रम गर्नका लागि बजेट विनियोजन गरिएको छ । गत वर्षको नगद मौज्दात ७५४२२०००(सात करोड चौवन्न लाख बाइस हजार मात्र)

यस आठराई त्रिवेणी गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमतर्फ सशर्त, वित्तीय समानीकरण, राजश्व बाँडफाँड, सवारीकर बाँडफाँड, गत वर्षको मौज्दात लगायत शीर्षकहरुबाट आ.व. २०८०/८१ का लागि तपशील बमोजिमका क्षेत्रहरूमा तपशील बमोजिमको शिर्षकगत बजेट विनियोजन गरिएको छ ।

| सि.नं. | शीर्षक | विनियोजन | अक्षरमा |
|---|---|---|---|
| १ | आर्थिक विकास | ९४९९०००. | रु चौरान्नब्बे लाख उनान्सय हजार मात्र |
| १ | कृषि | ६०९९०००. | रु साठी लाख उनान्सय हजार मात्र |
| २ | उद्योग | १३०००००. | रु तेह्र लाख मात्र |
| ३ | जलश्रोत तथा सिंचाई | ६०००००. | रु छ लाख मात्र |
| ४ | पशुपन्छी विकास | १५०००००. | रु पन्ध्र लाख मात्र |
| २ | सामाजिक विकास | २१२११३०००. | रु एकाइस करोड एकाइस लाख तेह्र हजार मात्र |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ८८५००००. | रु अठासी लाख पचास हजार मात्र |
| २ | युवा तथा खेलकुद | ३१०००००. | रु एकतीस लाख मात्र |
| ३ | खानेपानी तथा सरसफाई | १५१०००००. | रु एक करोड एकाउन्न लाख मात्र |
| ४ | भाषा तथा संस्कृति | ६९५००००. | रु उनन्सत्तरी लाख पचास हजार मात्र |
| ५ | शिक्षा | १४३७३३०००. | रु चौध करोड सरतीस लाख तेतीस हजार मात्र |
| ६ | स्वास्थ्य | ३३२०५०००. | रु तीन करोड बतीस लाख पाँच हजार मात्र |
| ७ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ११७५०००. | रु एघार लाख पचहत्तर हजार मात्र |
| ३ | पूर्वाधार विकास | १८०३०००००. | रु अठाह्र करोड तीन लाख मात्र |
| १ | यातयात पूर्वाधार | १०५६०००००. | रु दस करोड छपन्न लाख मात्र |
| २ | भवन, आवास तथा सहरी विकास | ७२४०००००. | रु सात करोड चौबीस लाख मात्र |
| ३ | उर्जा | ८०००००. | रु आठ लाख मात्र |
| ४ | सम्पदा पूर्वाधार | १५०००००. | रु पन्ध्र लाख मात्र |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७४०००००. | रु चौहत्तर लाख मात्र |
| १ | शासन प्रणाली | १५०००००. | रु पन्ध्र लाख मात्र |
| २ | प्रशासकीय सुशासन | १००००००. | रु दस लाख मात्र |
| ३ | कानुन तथा न्याय | ७०००००. | रु सात लाख मात्र |
| ४ | गरिबी निवारण | ९०००००. | रु नौ लाख मात्र |
| ५ | तथ्यांक प्रणाली | २६०००००. | रु छब्बीस लाख मात्र |
| ६ | वातावरण तथा जलवायु | ७०००००. | रु सात लाख मात्र |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२९७८२००. | रु नौ करोड उनन्तीस लाख अठ्हत्तर हजार दुई सय मात्र |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२९७८२००. | रु नौ करोड उनन्तीस लाख अठ्हत्तर हजार दुई सय मात्र |
| कुल जम्मा | | ५०२२९०२००. | रु पचास करोड बाइस लाख नब्बे हजार दुई सय मात्र |